# सुशासन ऐन, २०६४ को दफा (४१) बमोजिम प्रस्तुत गरिएको अर्थ मन्त्रालयको बार्षिक प्रतिवेदन

## (२०६७/६८)



**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

२०६८ साउन

Website : www.mof.gov.np

# विषय–सूचि


| सि.नं. | विषय | पेज |
|---|---|---|
| १. | परिचय | १ |
| २. | प्रतिवेदनको सीमा | २ |
| ३. | कार्यकारी सारांश | ३–४ |
| ४. | मुख्य उपलब्धीहरु | ५–६ |
| ५. | प्रमुख उपलब्धीहरु | ७–९ |
| ६. | थप उपलब्धीहरु | १०–१३ |
| ७. | समस्याहरु | १४ |
| ८. | केही सुझावहरु | १५–२० |
| ९. | विद्युतीय सुशासन सम्बन्धि विवरण | २१–२२ |

## परिचय

१. आर्थिक नीतिहरुको तर्जूमा, कार्यान्वयन र सुधारको नेतृत्व अर्थमन्त्रालयले गर्दछ । वित्तीय क्षेत्रको विकास, विस्तार र नियमन मन्त्रालयको अर्को प्राथमिकता हो । वित्तीय अनियमितता, राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणमा मन्त्रालय र अन्तर्गतका निकायहरु अहोरात्र सक्रिय रहन्छन् ।

२. विवेकशील राजस्व नीति अवलम्बन गरी राजस्व संकलन बढाएर सार्वजनिक खर्चकालागि स्रोत जुटाउन मन्त्रालय प्रयत्नशील रहेको हुन्छ । भौतिक पूर्वाधार निर्माण, सामाजिक सेवा, सुरक्षा, शिक्षा, स्वास्थ्य, आवास र खानेपानी लगायतका महत्वपूर्ण क्षेत्रहरुमा बैदेशिक सहायता परिचालन गर्ने पहल यही मन्त्रालयले गर्दछ । वैदेशिक सहायता उपयोगको क्षमता बृद्धि गर्न आयोजना कार्यान्वयन गर्ने निकायलाई घच्घच्याई रहन्छ ।

३. बजेट निर्माण अर्थमन्त्रालयको सर्वाधिक महत्वपूर्ण कार्यभार हो । राष्ट्रिय योजना आयोग, विभिन्न मन्त्रालयहरु/निकायहरु र सबै सरोकारवालाहरुको सहयोग जुटाई आर्थिक बृद्धि र विकासलाई तीव्रता दिने र समष्टिगत आर्थिक संतुलन कायम गर्ने ढंगले बजेट प्रणाली सञ्चालन गरिन्छ । बजेट तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सबै मन्त्रालय/निकायहरुलाई सहयोग र उत्प्रेरणा उपलब्ध गराउन पनि यो मन्त्रालय कटिवद्ध रहेको हुन्छ ।

४. बजेट कार्यान्वयनको आवधिक रुपमा अनुगमन र मुल्यांकन गरी विकास आयोजनाहरुलाई समयमै सम्पन्न गर्न उत्साहित गरिन्छ ।

५. सार्वजनिक संस्थान र समितिहरुमा संचालन कुशलता अभिवृद्धि गर्न आवश्यक समन्वय पनि यहिबाट हुन्छ ।

६. संगठन तथा जनशक्ति विकास र परिचालन मन्त्रालयको अर्को कार्यक्षेत्र हो ।

७. अर्थ मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु यस अन्तर्गतका महाशाखाहरु, विभागहरु र कार्यालयहरु मार्फत सम्पादन हुने गर्दछ । मन्त्रालयको संगठनात्मक संरचनामा आर्थिक कार्य विषयक तथा नीति विश्लेषण, बजेट तथा कार्यक्रम, वैदेशिक सहायता समन्वय, राजस्व, अनुगमन तथा मूल्यांकन, कानून, प्रशासन, संस्थान समन्वय महाशाखा र राजस्व परामर्श समिति रहेका छन् । यसैगरी महालेखा नियन्त्रक कार्यालय, भन्सार, आन्तरिक राजस्व, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग र राजस्व प्रशासन तालिम केन्द्र विभागीय स्तरका संगठन हुन । महालेखा नियन्त्रकको कार्यालय अन्तर्गत ७५ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयहरु, केन्द्रीय तहसील कार्यालय र कौशितोषाखाना कार्यालय रहेकाछन् भने भन्सार विभाग अन्तर्गत ३० वटा मूल भन्सार कार्यालयहरु र एउटा भन्सार जाँचपास परीक्षण ( पि.सि.ए) कार्यालय रहेका छन् । यसैगरी आन्तरिक राजस्व विभाग अन्तर्गत २३ वटा आन्तरिक राजस्व कार्यालयहरु र १३ वटा करदाता सेवा कार्यालयहरु क्रियाशील छन् । ४ वटा राजस्व अनुसन्धान इकाइ कार्यालयहरु राजस्व अनुसन्धान विभाग अन्तर्गत पर्दछन् ।

८. अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय र अन्तर्गतको कूल जनशक्ति ७ हजार ५ सय ४९ रहेकोछ ।

**प्रतिवेदनको सीमा**

१. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५को नियम (७) को उपनियम (५) अनुसार यो बार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत प्रतिवेदन तयार गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०६७।६८ च.नं. ४४८ मिति २०६८।३।२० को पत्रमा उल्लेख भएको ढाँचा यथाशक्य अवलम्बन गरिएकोछ । प्रतिवेदनमा अर्थमन्त्रालयले आर्थिक वर्ष २०६७।६८ मा सम्पादन गरेका कार्यहरुबाट प्राप्त मुख्य उपलब्धी, प्रमुख उपलब्धी र थप उपलब्धीहरु समावेश गरिएकोछ । कार्यसम्पादन गर्दा अनुभूत भएका प्रमुख समस्या र सुझावहरु पनि औंल्याइएकोछ ।

**कार्यकारी सारांश**

१. स्पष्ट दृष्टिकोण, सुधारका विषयहरुलाई तत्कालै संबोधन गर्ने रणनीति र नतिजामूलक कार्य संस्कृतिको माध्यमबाट नेपाली अर्थतन्त्रलाई समृद्ध अर्थतन्त्रमा रुपान्तरण गर्न यस अवधिमा नीति, कानून, संस्थागत एवं कार्यविधि लगायतका क्षेत्रहरुको सुधारलाई तीव्रता दिइयो । लगातारको प्रयास स्वरुप समयमै पूर्ण बजेट व्यवस्थापिका–संसद समक्ष प्रस्तुत गरियो ।

> १. आर्थिक वर्ष २०६७/६८ को कुल गार्हस्थ्य उत्पादन वृद्धिदरको लक्ष्य आधारभूत मूल्यमा ४.५ प्रतिशत पुग्ने अनुमान गरिएकोमा ३.५ प्रतिशत मात्र रहेको प्रारम्भिक अनुमान छ ।
>
> २. औषत बार्षिक मूल्यबृद्धिदर ७ प्रतिशत रहने अनुमान गरिएको भएतापनि यसको बृद्धिदर अघिल्लो वर्षकै हाराहारिमा अर्थात ९.६ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ ।
>
> ३. बैंक तथा वित्तीय संस्थाहरुको कूल निक्षेप ८.२ प्रतिशतले बृद्धि भई ७८८ अर्व ७२ करोड पुगेकोछ ।
>
> ४. विदेशी विनिमय संचितीको विद्यमानस्तरबाट करिब ८ महिनाको बस्तुहरु र करिब ७ महिनाको बस्तु तथा सेवा आयात धान्न सकिने अवस्था रहेकोछ ।
>
> ५. २०६८ असार मसान्तसम्म विदेशी विनिमय संचिति गत वर्षको रु. २६८ अर्वको तुलनामा सीमान्तबृद्धि भई रु. २७० अर्वको हाराहारीमा रहेको अनुमान छ ।
>
> ६. आर्थिक वर्ष २०६७/६८ को दश महिनामा रु. ११ अर्व ६७ करोडको शोधनान्तर घाटा रहेकोमा पछिल्ला महिनामा वित्तिय खाताहरुमा उल्लेखनीय सुधार भई आर्थिक वर्षको अन्तसम्म करिब १ अर्वको हाराहारीमा सोधनान्तर बचत रहेको प्रारम्भिक अनुमान छ ।

२. विनियोजित बजेटको परिणाममुखी ढंगले उपयोग गर्ने र पूँजिगत खर्च बढाउने तर्फ आयोजना कार्यान्वयन गर्ने मन्त्रालय/निकायहरुलाई निरन्तर उत्प्रेरित गर्ने, अनुगमन गर्ने र आवश्यक सहयोग पुऱ्याउने कार्यहरु सक्रियतापूर्वक गरियो । मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, उत्तर दक्षिणका कर्णाली, गण्डकी र कोशी कोरीडोरका सडक निर्माणलाई प्राथमिकता दिइयो । ऊर्जा, सिंचाइ र सडक पुल जस्ता राष्ट्रिय गौरबका पूर्वाधार आयोजनाहरुको कार्यान्वयनका लागि स्रोत साधन जुटाउन प्रयास भए । शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, सामाजिक सुरक्षा र स्थानीय विकासका क्षेत्रमा निर्धारित लक्ष्य प्राप्त गर्न स्रोत परिचालनमा जोड दिइयो । आन्तरिक स्रोतको कमीलाई पूर्ति गर्न वैदेशिक सहायता जुटाउने कार्यमा उल्लेखनीय सफलता मिलेकोछ ।

३. नेपालले अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिवद्धता अनुरुप सम्पत्ति शुद्धिकरण निवारणका लागि गरिने निगरानी एवं कारवाहीलाई अझ सशक्त बनाउन र आतंककारी गतिविधिमा हुने वित्तीय लगानी नियन्त्रण गर्ने सन्दर्भमा भ्रष्टाचार विरुद्धको महासन्धी, २००३ संसदबाट अनुमोदन भएकोछ । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ मा प्रथम संशोधन भएकोछ । आतंकवादमा हुने वित्तीय लगानी नियन्त्रण सम्बन्धी महासन्धी, १९९९ र संगठित अपराध विरुद्धको महासन्धी, २००० अनुमोदन गरिएकोछ । आपसी कानूनी सहयोग विधेयक, २०६७ र सुपुर्दगी विधेयक, २०६७ व्यवस्थापिका संसदमा प्रस्तुत गरिएकोछ । संगठीत अपराध विरुद्ध सम्बन्धी विधेयक, २०६८ को मस्यौदा तयार गरी मन्त्रिपरिषद् समक्ष प्रस्तुत गरिएकोछ ।

४. कर प्रशासनलाई विद्युतीय कर सुशासनमा रुपान्तरण गर्न सूचना प्रविधिका पूर्वाधारहरुलाई स्तरोन्नती र विस्तार गरियो । कर कार्यान्वयन अभियान वर्षको कार्यान्वयनबाट कर प्रशासनमा सदाचार र स्वच्छता विकासमा सहयोग पुगेकोछ । करछली गर्ने, नक्कली विलको कारोवार गर्ने र राजस्व चुहावट गर्ने उपरको कारवाहीलाई सशक्त बनाइयो ।

५. मौद्रिक एवं वित्तीय अनुशासन पालन गरी लगानीलाई उत्पादक मूलक क्षेत्रमा प्रवाह गर्न उत्प्रेरित गर्ने उद्देश्यले मौद्रिक एवं वित्तीय नीतिमा समयानुकूल परिमार्जन गर्दै लगिएकोछ ।

६. आर्थिक वर्षको प्रारम्भदेखि नै कतिपय समष्टिगत आर्थिक परिसूचकहरु अपेक्षित रुपमा सकारात्मक अवस्थामा थिएनन् । विशेषतः न्यून आर्थिक वृद्धिदर, व्यापार घाटामा वृद्धि, विप्रेषण आप्रवाहको वृद्धिदरमा कमी, घट्दो निर्यात, सोधनान्तर घाटा तथा मूल्य वृद्धिदरले अर्थ व्यवस्थालाई पिरोली रह्यो । खासगरी मौद्रिक तथा कर्जा व्यवस्थापन, विदेशी विनिमयको अनुगमन तथा वित्तीय नीतिमा गरिएका सामयिक परिवर्तनले अनुकुल नतिजा ल्याउन सहयोग पुऱ्यायो ।

**मुख्य उपलब्धीहरु**

१. आर्थिक वर्ष २०६८।६९ को बजेट तर्जुमा गरी व्यवस्थापिका–संसदमा प्रस्तुत गरिएको छ । पछिल्ला केही आर्थिक वर्षहरुमा आर्थिक वर्ष शुरु हुनु अगावै पूर्ण बजेट आउन सकेको थिएन । यस आर्थिक वर्षमा समय मै बजेट प्रस्तुत भएको छ ।

२. आर्थिक विधेयक, २०६८, विनियोजन विधेयक, २०६८, राष्ट्रऋण उठाउने विधेयक, २०६८, ऋण तथा जमानत १९ औं संशोधन विधेयक, २०६८ र पेश्की खर्च विधेयक, २०६८ तयार गरी व्यवस्थापिका–संसद समक्ष प्रस्तुत गरिएको छ ।

३. आर्थिक सर्भेक्षण २०६७।६८, सार्वजनिक संस्थानहरुको बार्षिक स्थिति समीक्षा २०६७।६८ र लक्ष्य प्रगतिको मन्त्रालयगत विवरण, २०६७।६८ तयार गरी व्यवस्थापिका–संसद समक्ष प्रस्तुत गरिएकोछ ।

४. नेपालले अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिवद्धता अनुरुप सम्पत्ति शुद्धिकरण निवारणका लागि गरिने निगरानी एवं कारवाहीलाई अझ सशक्त बनाउन र आतंककारी गतिविधिमा हुने वित्तीय लगानी नियन्त्रण गर्ने सन्दर्भमा भ्रष्टाचार विरुद्धको महासन्धी, २००३ संसदबाट अनुमोदन भएकोछ । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ मा प्रथम संशोधन भएकोछ । आतंकवादमा हुने वित्तीय लगानी नियन्त्रण सम्बन्धी महासन्धी, १९९९ र संगठित अपराध विरुद्धको महासन्धी, २००० व्यवस्थापिका–संसदबाट अनुमोदन गरिएकोछ । आपसी कानूनी सहयोग विधेयक, २०६७ र सुपुर्दगी विधेयक, २०६७ व्यवस्थापिका संसदमा प्रस्तुत गरिएकोछ । संगठित अपराध विरुद्ध सम्बन्धी विधेयकको मस्यौदा, २०६८ तयार गरी मन्त्रिपरिषद्मा प्रस्तुत गरिएकोछ ।

**आ.व.०६७।६८ को राजश्व असूलीको संरचनात्मक विवरण यस प्रकार रहेको छ :**

**रु. लाखमा**

| सि.नं | राजश्व शिर्षक | बार्षिक लक्ष्य | असूली | लक्ष्यको तुलनामा असूली (प्रतिशतमा) |
|---|---|---|---|---|
| १. | भन्सार महशुल | ४१३६४० | ३५६४८० | ८६.१८ |
| २. | मूल्य अभिवृद्धिकर | ६७३७१६ | ६१६६५२ | ९१.५३ |
| ३. | अन्तशुल्क | २९६११३ | २६१८९८ | ८८.४५ |
| ४. | आयकर | ४०२४२३ | ४२५००१ | १०५.६१ |
| ५. | शिक्षा सेवा कर | ३४०३ | २०४० | ५९.९४ |
| ६. | रजिष्ट्रेसन दस्तुर | ६३०११ | २९९३४ | ४७.५१ |
| ७. | सवारी साधन कर | ३५००० | ३१८९१ | ९१.१२ |
| कर राजश्व जम्मा | | १८८७३०९ | १७२३८९७ | ९१.३४ |
| गैरकर राजस्व | | २७९१३४ | २८१६५१ | १००.९० |
| कूल राजश्व जम्मा | | २१६६४४३ | २००५५४८ | ९२.५७ |

कूल राजश्व गत वर्षको तुलनामा वृद्धिदर ११.४५ प्रतिशत

५. राजस्व असुली लक्ष्य रु. २१६ अर्व ६४ करोड ४३ लाख ५५ हजार रहेकोमा रु. २०० अर्व ५५ करोड ४८ लाख ०२ हजार संकलन भएको छ । यो लक्ष्यको तुलनामा ९२.५७ प्रतिशत हो । गत आर्थिक वर्ष २०६६।६७ को तुलनामा ११.४५ प्रतिशतले संकलनमा बृद्धि भएको छ । यस अवधिमा कूल राजस्व असुलीमा कर राजस्वको अंश ८६ प्रतिशत र गैर कर राजस्वको अंश १४ प्रतिशत रहेको छ। गत आर्थिक वर्ष २०६६।६७ को कूल राजस्व असुलीमा कर राजस्वको अंश ८६ प्रतिशत र गैर कर राजस्वको अंश १४ प्रतिशत नै थियो । कूल गार्हस्थ्य उत्पादनमा आर्थिक वर्ष २०६६।६७ मा राजस्व असुली १५.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७।६८ मा १४.८९ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ ।

६. आगामी छ वर्ष भित्र आन्तरिक राजस्व विभाग र अन्तरगत कार्यालयहरुबाट करदाताले पूर्ण रुपमा विद्युतीय माध्यमबाट सेवा प्राप्त गर्न (दर्ता, विवरण प्राप्ती, कर भूक्तानी) आवश्यक पर्ने पूर्वाधारहरु र मौजूदा सूचना संयन्त्रमा थप गर्नुपर्ने व्यवस्थाहरुको योजनावद्ध विकासका लागि e-Governance Master Plan, (EGMP) तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिएको छ। यसबाट विद्युतीय सुशासन प्रवर्द्धनमा गहकिलो योगदान पुगेकोछ ।

७. झुट्टा तथा नक्कली विलको अनुसन्धान गर्ने सन्दर्भमा १९६ वटा करदाताको छानविन सम्पन्न भएको छ। यसबाट मूल्य अभिवृद्धि कर रु. १ अर्व ६५ करोड ३० लाख ५० हजार, आयकर रु. १ अर्व ३ करोड ८१ लाख ४७ हजार र अन्तशुल्क रु. ९८ लाख २९ हजार गरी जम्मा रु. २ अर्व ७० करोड १० लाख २६ हजार थप दायित्व सिर्जना गरिएकोछ। कर कार्यान्वयन अभियान वर्षमा लिईएको थप सक्रियताले कर प्रशासनमा सदाचार र स्वच्छताको विकास भएको छ ।

८. बैदेशिक सहायता परिचालन तर्फ रु. ८७ अर्व ५७ करोड प्राप्त गर्ने लक्ष्य राखिएकोमा विभिन्न ४५ वटा आयोजनाहरुको कार्यान्वयन गर्न रु. १०६ अर्व १० करोड बरावरको बैदेशिक सहायता प्राप्त गर्ने सम्वन्धी सम्झौताहरु सम्पन्न भएकाछन् । लक्ष्य भन्दा १२१.१६ प्रतिशतले बढी बैदेशिक सहायता प्राप्त हुने गरी सम्झौता सम्पन्न गर्न सफलता मिलेको छ ।

९. कोष प्रणालीलाई सहज, पारदर्शी, व्यवस्थित, आधुनिक बनाउने उद्देश्यका साथ शुरु गरिएको एकल खाता कोष (TSA) प्रणालीलाई २२ जिल्लामा विस्तार गरिएकोछ ।

१०. राजस्व र लेखा समूहका विभिन्न श्रेणी तहमा कार्यरत ५४० जना कर्मचारीहरुलाई तालिम प्रदान गरिएकोछ ।

**प्रमुख उपलब्धीहरु**

१. बजेट, खर्च, लगानी र राजस्व सम्वन्धी संकेत तथा वर्गीकरणलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउन सरकारी वित्तीय तथ्यांक सम्बन्धी म्यानुअल, २००१ मा आधारित नयाँ संकेत तथा वर्गीकरण लागू गर्ने ब्यवस्था मिलाइएकोछ ।

२. सार्वजनिक खरिद प्रणालीमा विद्युतीय बोलपत्र प्रणाली (e-tendering) को प्रयोग गर्न शुरु गरिएकोछ ।

३. आर्थिक वर्ष २०६८।६९–२०७०।७१ को त्रीवर्षीय खर्च प्रक्षेपणको विवरण तयार गरिएकोछ ।

४. आयकर तर्फ ५५ हजार ४ सय ७८, ब्यक्तिगत आयकर तर्फ थप १ लाख २२ हजार १०१ र मूल्य अभिवृद्धि कर तर्फ थप १४ हजार ७८५ करदाता करको दायरामा आएका छन् । यसैगरी अन्तःशुल्क तर्फ २३ हजार ८३१ करदाताले मदिरा तथा सूर्ती जन्य वस्तुको विक्री वितरण र उत्पादन गर्ने अनुमति पत्रको नवीकरण गरेका छन् । करको दायरामा विस्तार गर्न र करदेयी क्षमताको पहिचान गर्न बजार अनुगमन गर्न गरियो । यस वर्ष २९ हजार ३५० पटक बजार अनुगमन गरिएको थियो ।

**करदाताको विवरण**

| सि.नं | विवरण | आर्थिक वर्ष ०६६।६७ सम्म | आर्थिक वर्ष ०६७६८ मा थप | करदाता संख्या |
|---|---|---|---|---|
| १. | आयकर तर्फ | ४०६०८९ | ५५४७८ | ४६१५६७ |
| २. | मूल्य अभिवृद्धि कर तर्फ | ८२१६४ | १४७८५ | ९६९४९ |
| ३. | व्यक्तिगत आयकर तर्फ | १०५७२४ | १२२१०१ | २२७८२५ |
| | **जम्माः-** | **५९३९७७** | **१९२३६४** | **७८६३४१** |

५. कूल करदाताको संख्या ७ लाख ८६ हजार ३ सय ४१ पुगेको छ । संस्थागत आयकर तर्फ ४ लाख ६१ हजार ५ सय ६७, ब्यक्तिगत आयकर तर्फ २ लाख २७ हजार ८ सय २५ र मूल्य अभिवृद्धिकर तर्फ ९६ हजार ९ सय ४९ करदाता करको दायरामा आएका छन् ।

६. करदाताको घरदैलोमा सेवा पुर्‍याउने अभियान अन्तर्गत काठमाडौं उपत्यका भित्र १३ वटा करदाता सेवा कार्यालय स्थापना भएका छन् । बुटवलमा आन्तरिक राजस्व कार्यालय खुलेकोछ ।

७. १० वटा मूल भन्सार कार्यालयहरुमा विस्तृत सूचना सञ्जाल र ब्रोकर मोडल लागू गरिएकोछ ।

८. मेची भन्सार कार्यालयमा Inland Clearance Depot संचालनमा आएकोछ ।

९. साना किसान विकास बैंक मार्फत पशुपालक कृषकहरुलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराई मासुमा आत्मनिर्भर हुन पशुपालन कार्यक्रम अभियान कै रुपमा सञ्चालनमा आएको छ । यो कार्यक्रमबाट पशुपालक कृषकलाई सरल ढंगले ऋण सुविधा उपलब्ध भएकोछ ।

१०. सम्पत्ति शुद्धीकरण कार्यलाई प्रभावकारी ढंगले नियन्त्रण गर्न सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग स्थापना गरिएकोछ । सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धमा आधारभूत जानकारी

गराउने पुस्तिकाहरु प्रकाशित गर्ने, विभिन्न निकाय वा संघ संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने, राष्ट्रिय रणनीति तर्जुमाको मस्यौदा तयारी गर्ने, Financial Action Task force - FATF / Asia Pacific Group-APG लाई नेपालले गरेका कार्यहरुको जानकारी गराउने कार्यहरु सम्पन्न भएका छन । वित्तीय जानकारी ईकाइ (FIU) बाट विभिन्न संघसंस्थाहरुको लागि सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा निर्देशिका जारी गरिएकोछ ।

११. उर्जा क्षेत्रको विकास गर्न लगानी प्रवाह गर्ने उद्देश्यकासाथ जल विद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको स्थापना भएकोछ ।

१२. ग्रामीण वित्त क्षेत्र सुधार कार्यक्रम अन्तर्गत साना किसान विकास बैंक तथा ग्रामीण विकास बैंकमा रहेको सरकारी स्वामित्व हटाउँदै जाने क्रममा साना किसान विकास बैंकमा रहेको सम्पूर्ण शेयर सहकारी संस्थाहरुलाई विक्री भैसकेको छ भने ग्रामीण विकास बैंकहरुमा रहेको शेयर विक्री सम्बन्धी प्रस्तावहरु निजीकरण समितिमा विचाराधीन रहेकोछ । त्यसैगरी कृषि विकास बैंकमा रहेको ५०.७८ प्रतिशत शेयर मध्ये ३० प्रतिशत शेयर रणनीतिक साझेदारलाई दिने सम्बन्धी कार्य पनि अगाडि बढिरहेकोछ ।

१३. एशियाली विकास बैंकको सहयोगमा संचालित ग्रामीण वित्त क्षेत्र विकास कार्यक्रम (दोस्रो चरण) को सम्झौता सम्पन्न भइ नेपाल राष्ट्र बैंक, ऋण असूली न्यायाधीकरण, कृषि विकास बैंक, साना किसान विकास बैंक, कर्जा सूचना केन्द्र लि. तथा नेशनल बैंकिङ्ग ट्रेनिङ्ग इन्स्टिच्युट समेतको क्षमता अभिवृद्धिका साथै लघुवित्त क्षेत्रको विकास लगायतका कार्यलाई अगाडि बढाइएकोछ ।

१४. कृषि विकास बैंकलाई सुदृढ गर्ने क्रममा "स्वेच्छिक अवकाश योजना, २०६७" लागु गरी कर्मचारीको संख्यालाई कम (Down sizing) गर्ने कार्य भएकोछ । नेपाल धितोपत्र बोर्ड कर्मचारी नियमावली र क्रेडिट रेटिङ्ग नियमावलीलाई स्वीकृति प्रदान गरिएकोछ ।

१५. सहकारी लगायत लघुवित्त संस्थाहरुको नियमन गर्न लघुवित्त प्राधिकरण विधेयक, २०६७ मस्यौदा कानून तथा न्याय मन्त्रालयमा पठाइएकोछ ।

१६. निजी क्षेत्रको सहकार्यमा पूर्वाधार विकास बैंक स्थापनाका लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ संशोधनको लागि व्यवस्थापिका संसदमा पेश भएकोछ ।

१७. आर्थिक क्रियाकलापहरुको विस्तारमा योगदान पुग्नेगरी वित्तीय प्रणालीको दीगो विकास र स्थायित्वकालागि वित्तीय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयन भईरहेकोछ । नेपाल बैंक लिमिटेड र राष्ट्रिय बाणिज्य बैंकको पूँजी पुनः संरचना गर्न नेपाल राष्ट्र बैंकबाट कारवाही भैरहेकोछ । ऋण असुली न्यायाधिकरणको सुदृढीकरण गर्ने कार्य भैरहेकोछ ।

१८. बैंक, पुँजी बजार तथा बीमा क्षेत्रको प्रतिनिधित्व हुने गरी माननीय अर्थमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय वित्तीय क्षेत्र समन्वय समितिले समग्र वित्तीय क्षेत्रको विकास र स्थायित्वको लागि आवश्यक समन्वय गरिरहेकोछ ।

१९. आर्थिक वर्ष २०६८।६९ को बजेट तर्जूमाको लागि विभिन्न व्यक्ति, संघ/संस्था तथा निकायहरुबाट सुझावहरु संकलन गरी प्राप्त सुझावहरुको विश्लेषणको आधारमा अवलम्वन

गर्नुपर्ने नीति तथा व्यवस्थाहरु समावेश गरी राजस्व परामर्श सम्बन्धी प्रतिवेदन, २०६८ तयार गरियो ।

२०. सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणका लागि कार्यहरुको कार्ययोजना बनाई कार्यान्वयन शुरु गरिएकोछ ।

२१. आर्थिक वर्ष २०६७।६८ को मध्यावधि बजेट कार्यान्वयन मुल्यांकन सम्वन्धी पुस्तिका तयार गरी प्रकाशन गरिएकोछ ।

२२. आर्थिक वर्ष २०६६।६७ को बार्षिक बजेट कार्यान्वयन मुल्यांकन सम्बन्धी पुस्तिका तयार गरी प्रकाशन गरिएकोछ ।

२३. क्यासिनो संचालन गर्ने व्यक्ति वा निकायले तोकिएको म्याद भित्रै रोयल्टी बापतको रकम नबूझाई बक्यौता राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्न यस्तो वक्यौता रकममा शुल्क तथा ब्याज लगाउने र प्रत्येक वर्ष क्यासिनो सञ्चालन गर्न अनिवार्य रुपमा इजाजतपत्र नविकरण गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिएकोछ ।

२४. युनिटी लाइफ इन्टरनेशनल प्रा.लि.को कारोवार अनुसन्धान गर्न उक्त प्रा.लि., ३७ वटा भगिनी संस्था र तिनमा रहेको लगानी उपर छानविन सम्पन्न भई मुद्दा दायर गर्ने कार्य भैरहेकोछ ।

२५. सम्पत्ति शुद्धीकरणसँग सम्वन्धित विषयमा नेपालमा मुद्दा चलिरहेको अवस्थामा अमेरिकाको Standard Chartered Bank मा रहेको नेपाल राष्ट्र बैंकको १० लाख अमेरिकी डलर अमेरिका स्थित District Court को आदेशबाट कट्टा गरिएकोमा उक्त रकम नेपाल राष्ट्र बैंकको खातामा जम्मा (फिर्ता) गर्ने कार्य भएकोछ ।

२६. सम्पत्ति शुद्धिकरण निवारण विषयक गोष्ठीका माध्यमबाट विभिन्न संघ संस्था र कार्यालयहरुका ९३५ पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरिएकोछ ।

**थप उपलब्धीहरु**

१. करदाताले कर प्रशासनमा दर्ता गर्दा विद्युतीय माध्यमबाट सोझै आफ्नो अनुकुल स्थान र समय अनुसार गर्न सक्ने गरी (Online Registration) सफ्टवेयर तयार गरी संचालनमा ल्याइएकोछ । करदाताले पेश गर्नुपर्ने करका विवरणहरु विद्युतीय माध्यमबाट सोझै आफनो अनुकुल स्थान र समय अनुसार दिन सक्ने गरी (Online return filing) सफ्टवेयर तयार गरी संचालनमा ल्याइएको छ । आयकर, मूल्य अभिबृद्धि कर तथा अग्रिम कर कट्टिका विबरणहरु यस आर्थिक वर्षमा क्रमश ८५ प्रतिशत, ९० प्रतिशत र ६० प्रतिशत विद्युतीय माध्यमबाट प्राप्त भएका छन् ।

२. कर प्रशासन सम्बन्धी विषयवस्तुमा करदाताको जिज्ञासाको सहज समाधन तथा करदातालाई कर सहभागिता गर्न सहज होस भन्ने उद्धेश्यले तयार गरिएको अधिकांश सोधिने प्रश्नहरुको सूची (Frequently Asked Questions, FAQ's) तयार गरी विभागको आधिकारिक वेभ साइटमा राखिएको छ । सोही प्रयोजनका लागि आन्तरिक राजस्व विभागको भवनमा Call Center स्थापना गरी संचालनमा ल्याइएको छ । कल सेन्टरको प्रयोगले करदाताको कर सहभागिताको व्यवहारमा सकारात्मक परिवर्तन आएको छ । गत वर्ष भरी करिब ३ हजार प्रश्नकर्ताहरुको सोधनी भई यस विषयमा करदातालाई जानकारी दिएको थियो । विभागको web site लाई सरल, करदातामैत्री र सूचनामूलक बनाउदै कर प्रशासनका कार्यलाई जनताले सिधै हेर्न सक्ने गरी पहुंच प्रदान गरिएको छ । वेभ साइटमा करिब ८४ लाख २६ हजार ६७ पटक करदाता तथा नागरिकहरुले अवलोकन गरेका थिए ।

३. कर प्रशासनले आर्थिक क्रियाकलापका सवै सूचनाहरु करदाताको व्यक्तिगत खाता बनाई त्यहाँ करदाताका सवै कारोवारका सूचनाहरुको भण्डारण गर्ने कार्यको थालनी भएकोछ ।

४. कर जोखिमको पहिचानको लागि जोखिम संयन्त्रको प्रयोग शुरु भएकोछ ।

५. अन्तःशुल्क प्रशासनलाई समेत आधुनिकीकरण र करमैत्री बनाई विद्युतीय माध्यमबाट अनुगमन गर्ने प्रयोजनका लागि अन्तःशुल्कको सफटवेयर तयार गरी कार्यान्वयनमा ल्याइएकोछ ।

६. आन्तरिक राजस्व विभाग स्थित Server मा रहेको सूचनालाई भरपर्दो र सुरक्षित बनाउन सिंहदरबार स्थित GIDC मा थप सर्भर राख्ने व्यवस्था मिलाइ system backup centre को रुपमा विकास गर्ने कार्यको थालनी गरिएकोछ ।

७. आन्तरिक राजस्व विभागको सूचना प्रविधिलाई भरपर्दो, विश्वसनीय र स्तरीय बनाउँदै अप्रत्यासित हुने दैवी प्रकोपबाट समेत सुरक्षित गर्न भैरहवामा Disaster Recovery centre बनाउने प्रारम्भिक कार्य थालनी गरिएकोछ ।

८. कर कानूनहरुको सरल व्याख्या गरिएको निर्देशिकालाई अद्यावधिक गरिएकोछ । कर सम्वन्धी कानूनी व्यवस्था समावेश भएको एकीकृत पुस्तक प्रकाशन गरिएकोछ ।

९. विगत लामो समयदेखि मूल्य अभिवृद्धि कर, आय कर र अन्तःशुल्क सरलीकरणका लागि विकास गरिएका विभिन्न सफ्टवेयरहरुलाई परिमार्जन, स्तरोन्नती र एकीकृत गर्ने कार्य भैरहेकोछ ।

१०. करदाताले आफनो सुविधाजनक स्थानबाट विद्युतीय माध्यमबाटै कर भुक्तानी गर्नसक्ने गरी e-payment विकास र संचालन गर्ने व्यवस्थाको पूर्वाधार तयार गरिंदैछ ।

११. ब्राजिल र क्यानडासँग दोहोरो कर मुक्ति सम्झौता गर्नका लागि सम्झौताको मस्यौदा तयार गरिएकोछ ।

१२. भारतसँगको दोहोरो करमुक्ति सम्झौताको संशोधनका लागि नेपाल सरकारबाट निर्णय भई भारत सरकार समक्ष पठाईएकोछ ।

१३. ८१ वटा बण्डेड वेयर हाउसको नविकरण भएकोछ । ११ वटा नयाँ इजाजतपत्र वितरण भएकोछ ।

१४. भन्सार सुधार तथा आधुनिकिकरणको ४ वर्षीय कार्ययोजना/लघु कार्ययोजनाको पुनरावलोकन र परिमार्जन गरिएकोछ ।

१५. भन्सार कार्यालयहरुमा दाखिला हुने राजस्व सोझै बैंक मार्फत भुक्तानी हुने पद्दती बीरगन्ज, त्रि.वि.स्थल र विराटनगर भन्सार कार्यालयहरुमा शुरु गरिएकोछ ।

१६. संक्षिप्त प्रज्ञापन पत्रको व्यवस्थालाई कार्यान्वयनमा ल्याइएकोछ ।

१७. भारतीय अन्त शुल्कः रु. २,८३१,७८१,८८४।०० फिर्ता प्राप्त भएकोछ ।

१८. कमोडिटिज कारोवारको प्रभावकारी नियमन र सुपरीवेक्षणका लागि आवश्यक कानूनी व्यवस्थाको मस्यौदा तर्जुमा भएकोछ । प्रचलित धितोपत्र सम्बन्धी ऐन, २०६३ मा कमोडिटिज कारोबारलाई समेट्ने गरी संशोधनको कार्य समेत भैरहेकोछ ।

१९. धितोपत्र बजारमा सर्वसाधारणको लगानी बढ्दै गएको परिप्रेक्ष्यमा यसलाई पारदर्शी, व्यवस्थित र लगानीमैत्री बनाई बजार अनुगमन तथा नियमन प्रणालीलाई थप सुदृढ एवं साना–साना स्तरमा रहेको पुँजी परिचालनमा जोड दिई लगानीकर्ताको हित संरक्षण गर्न नेपाल स्टक एक्स्चेञ्जको पूर्ण स्वामित्वमा केन्द्रीय निक्षेप प्रणाली (Central Depository System) को स्थापना भई निकट भविष्यमा संचालनमा आउने भएकोछ ।

२०. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिनेसम्बन्धी विनियमावली, २०६८ जारी गरिएकोछ ।

२१. पुँजी बजारमा गैर आवासीय नेपालीको लागि दोस्रो बजारमा लगानी गर्न लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिकामा संशोधन गरिएकोछ ।

२२. गत वर्ष शुरु गरिएको निक्षेप सुरक्षण कार्यक्रम अन्तर्गत ख, ग र घ वर्गका बैंक तथा वित्तीय संस्थाहरुमा रहेको रु. २ लाखसम्म निक्षेपको बीमा गर्ने व्यवस्थाको कार्यान्वयन गर्न निक्षेप तथा कर्जा सुरक्षण निगममा थप पुँजी लगानी गर्न र निगमको अधिकृत पुँजीलाई बढाउँदै लगी रु. २ अर्ब पुऱ्याउने व्यवस्थाका लागि ऐनको मस्यौदा र पाँच वर्षे रणनीतिक योजना तयार भएकोछ ।

२३. नागरिक लगानी कोषको पुँजीमा दिनानुदिन वृद्धि भैरहेको सन्दर्भमा हालको अधिकृत पुँजी रु. २० करोडबाट वृद्धि गरी रु. १ अर्ब पुऱ्याइएकोछ ।

२४. बीमा बजारलाई प्रतिष्पर्धी, विश्वसनीय र थप व्यवस्थित गर्न प्रस्तावित बीमा विधेयक, २०६८ कानून तथा न्याय मन्त्रालयमा पठाइएकोछ ।

२५. सम्पत्ति शुद्धिकरण निवारण अन्तर्गत ५५ वटा मुद्दाहरुको अनुसन्धान अधिकृत तोकी छानविन भैरहेकोछ ।

२६. सवारी साधन पैठारी गर्ने नेपाल स्थित आधिकारिक विक्रेताले प्रत्येक ४ महिनामा सवारी साधनको अधिकतम् खुद्रा मूल्य राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएकोछ ।

२७. लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारिताका सन्दर्भमा सो सम्वन्धी सैद्धान्तिक ज्ञान, चेतना र जागरुकता ल्याउन तालिम कार्यक्रमहरु संचालन गरिएकोछ ।

२८. महालेखा परीक्षकको कार्यालय, आन्तरिक राजस्व विभाग र भन्सार विभागमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व अन्तर्गतका सूचकहरुको सुदृढीकरणका कार्यक्रमहरु संचालन गरिएकोछ ।

२९. लेखा ढाँचालाई अद्यावधिक गरी प्रकाशन गर्नुका साथै वेभ साइटमा राखिएकोछ ।

३०. निवृत्तिभरण सम्बन्धी तथ्यांक र विवरणहरुलाई अद्यावधिक गरी कम्प्यूटराइज्ड गरिएकोछ ।

३१. सूचना प्रणालीमा आधारित एकिकृत निवृत्तिभरण व्यवस्थापन प्रणाली लागू गर्न आवश्यक पूर्वाधारहरु तयार गरिएकोछ ।

३२. नेपाल सार्वजनिक क्षेत्र लेखामान कार्यान्वयनको कार्ययोजना पारित गरी मन्त्रालय र केन्द्रीय निकायका लेखा प्रमूखहरु, ४० जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरु र महालेखा नियन्त्रक कार्यालयका शाखा प्रमुखहरुलाई अभिमूखीकरण तालिम सञ्चालन गरियो ।

३३. संघीय प्रणालीमा रुपान्तरण भएपछि महालेखा नियन्त्रक कार्यालयको कार्य सम्पादनमा गर्नुपर्ने पुनर्संरचना विषयक प्रतिवेदन तयार गरिएकोछ ।

३४. लेखा समूहका कर्मचारीहरुलाई सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व विषयमा अभिमुखीकरण तालिम दिइएकोछ ।

३५. विद्युतीय हाजिर प्रणाली लागू गरिएकोछ ।

३६. कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा तथा सजाय लगायतका विवरणहरुको विद्युतीय माध्यमबाट रेकर्ड अध्यावधिक गरी यसको प्राप्ति र प्रयोग गर्न निजामती कितावखानासँग समझदारीपत्रमा सम्झौता भएकोछ ।

३७. नेपाल ओरिण्डम्याग्नेसाईट (प्रा.) लि. मा कार्यरत ६८ जना कर्मचारीहरु मध्ये अति आवश्यक ४/५ जना मात्र कायम राखी अन्य सवै कर्मचारीहरुलाई २०६८ श्रावण १ गतेवाट अवकाश दिने गरी २०६८ आषाढ मसान्त सम्मको तलव सुविधाको रकम. रु. २ करोड २७ लाख २५ हजार ऋण लगानी स्वरुप निकासा  गरिएकोछ ।

३८. नेपाल रेल वे कम्पनी लि. को अवकाश प्राप्त कर्मचारीहरुको तलव सुविधा भुक्तानी गर्न रु. ९५ लाख १२ हजार ४५०।- र कर्मचारी सञ्चयकोषमा दाखिला गर्नु पर्ने रु १९ लाख ९५ हजार गरी जम्मा रु १ करोड १५ लाख ७ हजार ४५०।- ऋण लगानी स्वरुप निकासा  गरिएकोछ ।

३९. नेपाल मेटल कम्पनी लि. का कर्मचारीहरुको तलव सुविधा भुक्तानी गर्न रु. ४० लाख ६५ हजार ८१४।- ऋण लगानी स्वरुप निकासा दिइएकोछ ।

४०. नेपाल औषधि लि.ले वाणिज्य बैंकलाई बुझाउनु पर्ने ऋणको व्याज भुक्तानी गर्न रु. १ करोड ४० लाख ऋण लगानी स्वरुप निकासा गरिएकोछ ।

४१. उच्चस्तरीय सार्वजनिक प्रतिष्ठान व्यवस्थापन वोर्ड गठन तथा कार्य संचालन आदेश, २०६७ तयारी गरी स्वीकृतिकालागि मन्त्रिपरिषद्मा प्रस्तुत गरिएकोछ ।

४२. हेटौंडा कपडा उद्योग लिमिटेड (Inliquidation) को सम्पत्ति मध्ये भवन र भौतिक पूर्वाधारको लिक्विडेटरबाट मूल्यांकन भएको रु. ८ करोड १२ लाख २५ हजार ८ सय १६, नेपाल सरकारले शेयर लगानीको रुपमा, प्लाण्ट मेशिनरी, स्पेयर पार्टस, सवारी साधन, कम्प्यूटर, स्टक र केमिकल्स लगायतका चल्ती सामानहरुको लिक्विडेटरबाट मूल्यांकन भएको रु. ८ करोड १४ लाख २६ हजार ६ सय ५० रुपैया र पैसा ४० वार्षिक ५ प्रतिशत व्याजदरमा ऋण लगानीको रुपमा र २५६ रोपनी जग्गाको हकमा हालको स्थानीय बजार मूल्यको आधारमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई नगद लिई विक्री गर्ने निर्णय भएको छ ।

४३. साना किसान विकास वैंक लिमिटेडमा नेपाल सरकारको स्वामित्वमा रहेको २ लाख कित्ता शेयर साना किसान सहकारी संस्थाहरुलाई मात्र विक्री गर्ने निर्णय भए अनुसार प्रति कित्ता मोल रु. १००।- का दरले रु २ करोडमा २०५ साना किसान सहकारी संस्थाहरुलाई बिक्री वितरण गर्ने कार्य सम्पन्न भएकोछ ।

४४. कृषि विकास बैंक लिमिटेडको पूँजी पुनर्संरचना गर्ने सम्बन्धमा ग्रामीण वित्त क्षेत्रमा कृषि विकास बैंकको सशक्त उपस्थिति रहने गरी उक्त बैंकमा नेपाल सरकारको स्वामित्वमा रहेको ५०.७८ प्रतिशत शेयर मध्येबाट ३० प्रतिशत विन्दुसम्मको शेयर रणनीतिक साझेदारलाई विनिवेश गर्ने निर्णय भएकोछ ।

४५. राजस्व गस्तीमा संलग्न सशस्त्र प्रहरी बलका २१८ प्रहरी अधिकृत र जवानहरुलाई राजस्व चुहावट नियन्त्रण र अनुसन्धान सम्वन्धी अभिमूखीकरण तालिम दिइएकोछ ।

४६. नेपाल प्रहरीका ८२ जना अधिकृत र प्रहरी सहायक निरीक्षकलाई सार्वजनिक वित्त प्रशासन सम्बन्धि तालिम प्रदान गरिएकोछ ।

**समस्याहरु**

१. गत आर्थिक वर्षमा समयमै पूर्ण बजेट आउन नसक्दा अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरुमा अनिश्चितता रह्यो । विकास आयोजनाहरुको संचालनमा अपेक्षित गतिशीलता आउन सकेन । कार्यक्रमहरुको स्वीकृति र अन्य प्रक्रियाहरुमा शिथिलता आयो ।

२. बजेट तथा कार्यक्रमको प्रस्ताव गर्दा आवश्यक पर्ने सम्पूर्ण तयारी र परिपक्वताको कमी रह्यो । बजेट प्रस्ताव गर्दाको अवस्थामा देखिने सक्रियता कार्यान्वयन तहमा पुग्दा सुस्त वन्दै जाने प्रवृत्ति देखियो जसले गर्दा पूँजीगत खर्चमा अपेक्षित बृद्धि आउन सकेन ।

३. वैदेशिक सहायता उपयोगको कमजोर क्षमता सुदृढ हुन सकेन । सहायताको लागि अनुकूल वातावरण वनाई उपयुक्त र आवश्यक आयोजनाहरुको प्रस्ताव तयार गरी सहयोग प्राप्तिका लागि सम्बन्धित क्षेत्रगत निकायहरुबाट तदारुकताका साथ पहल हुन सकेको छैन । स्रोतको अभावको मात्रै सन्दर्भ उठ्ने तर संभावित स्रोतलाई आयोजना तर्फ आकर्षित गर्न आवश्यक सक्रियता नदेखिने प्रवृत्ति अझै समाप्त भएको छैन ।

४. करको दायरा अपेक्षित रुपमा विस्तार हुन सकेको छैन ।

५. बजारमा बिल बिजक लिने र दिने बानीको विकास पर्याप्त मात्रामा हुन सकेको छैन ।

६. कर विवाद निरुपण गर्ने निकाय (राजस्व न्यायाधिकरण) हरुमा जनशक्ति रिक्त भै समयमा निर्णय हुन नसकेको कारण कर विवाद नसुल्झिएको र असूल हुनुपर्ने धेरै कर रकम बक्यौता रहन गएकोछ ।

७. भन्सार मूल्यांकनलाई कारोवार मूल्यको सिद्धान्त बमोजिम यथार्थ र पारदर्शी बनाउन सरोकारवाला एवं सम्बद्ध ब्यापारीहरुबाट पर्याप्त सहयोगमा कमी रहेकोछ ।

८. पर्याप्त एवं दक्ष जनशक्ति र स्रोत साधनको कमीले गर्दा अनौपचारिक ब्यापार र चोरी पैठारीलाई पूर्णत रोक्न सकिएको छैन । आर्थिक क्रियाकलापहरुको विस्तारमा कमी र विभिन्न प्रकारका अनिश्चितताले गर्दा राजस्व संकलन अपेक्षा गरे अनुरुप बृद्धि हुन सकेन ।

९. बैंक तथा वित्तीय क्षेत्र र ऋण तथा बचत सहकारीको नियमन अपेक्षित रुपमा प्रभावकारी हुन सकेको छैन ।

१०. हिमाली, पहाडी र तराईका दुर्गम स्थानमा वित्तीय सेवाको सहज पहुँच पर्याप्त मात्रामा विस्तार भैसकेको छैन ।

११. सरकारले संचालन गर्न आवश्यक नदेखिएका संस्थानहरुको विनिवेश/विघटन गर्न राजनीतिक सहमती आवश्यक पर्ने र एकै पटक ठूलो दायित्व सिर्जना हुने हुनाले कार्यान्वयन गर्न कठिनाइ परिरहेकोछ ।

१२. निजीकृत प्रतिष्ठानको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने कार्य सम्पन्न गर्न त्यस्ता प्रतिष्ठानहरुको अभिलेख व्यवस्थित नभएको, मूल्याङ्कन पश्चातको उद्देश्य स्पष्ट नभएको जस्ता समस्याहरु विद्यमान रहेकाछन् ।

१३. व्यवस्थापकीय नेतृत्व छनौटमा निष्पक्षता कायम गर्न र संस्थानहरुको पुनः संरचना गर्न आवश्यक पर्ने सहयोग/सहमती क्षेत्रगत मन्त्रालयहरुबाट जुटाउन सहज भैरहेको छैन ।

**केही सुझावहरु**

१. अग्रिम बजेट प्रस्तुत गर्ने व्यवस्था सुनिश्चित गर्न बजेट प्रस्तुत गर्ने मिति कानूनमै तोक्ने ।

२. आर्थिक प्राथमिकताका साझा विषयहरुमा राष्ट्रिय सहमती निर्माण गरी कार्यान्वयन गर्ने । राजनीतिक उद्देश्यका लागि बजेट लगायतका आर्थिक विषयलाई अवरोध नपुऱ्याउने संकल्प आउनु पर्ने ।

३. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा आवश्यक पूर्वाधार तयारीहरु परिपक्क ढंगले गर्ने । कार्यक्रम तथा आयोजनाहरुको लजिकल फ्रेम वर्क, संचालन योजना, खर्च योजना र अनुगमन योजना सहित प्रस्ताव गर्ने व्यवस्था कडाइकासाथ पालना गर्ने ।

४. स्रोत साधनको अभाव देखाउने भन्दा उपलब्ध स्रोत साधनको नतिजामूलक उपयोग गर्न प्राथमिकता दिने । वैदेशिक सहायता उपयोगको क्षमता बढाउने । वैदेशिक सहायताका लागि संभावित आयोजना प्रस्तावहरु तयार गरी प्रक्रिया अघि बढाउन सक्रिय रहने

५. करको दायरा थप विस्तार गर्ने । स्वेच्छिक रुपमा कर कानूनको पालना गर्ने प्रवृत्तिको विकास गर्ने । कर छली तथा राजस्व चुहावट नियन्त्रणलाई अझ सशक्त बनाउने । विद्युतीय कर सुशासनलाई (e-governance) प्रभावकारी बनाउन आवश्यक भौतिक पूर्वाधार तथा दक्ष जनशक्तिको व्यवस्था गर्ने ।

६. चोरी पैठारीलाई नियन्त्रण गर्न भन्सार गस्तीलाई घनिभूत (Intensify) बनाउने । भन्सार मूल्यांकनलाई कारोवार मूल्यको सिद्धान्त बमोजिम यथार्थ र पारदर्शी बनाउने ।

७. बैंक तथा वित्तीय संस्थाहरु र बचत तथा ऋण सहकारीहरुको प्रभावकारी नियमन गर्ने । वित्तीय तथा आर्थिक अपराध र सम्पत्ति शुद्धिकरण निवारण विरुद्धको कारवाहीलाई प्रभावकारी बनाउन संस्थागत सुदृढीकरण, भौतिक स्रोत साधन र दक्ष जनशक्तिको व्यवस्था मिलाउने ।

८. उच्चस्तरीय सार्वजनिक प्रतिष्ठान व्यवस्थापन बोर्ड गठन गरी सार्वजनिक संस्थान र समितिहरुको सुधार कार्यलाई एकिकृत र सशक्त पार्ने । सार्वजनिक संस्थानको शेयर सर्वसाधारणमा विनिवेश गर्दै जाने ।

९. योजनावद्ध रुपमा नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रणालीको कार्यान्वयनलाई घनिभूत बनाउने ।

१०. संगठन तथा जनशक्ति विकासमा लगानी बढाउने । जनशक्तिको परिचालन योग्यता प्रणालीको आधारमा गर्ने ।

## विद्युतिय सुशासन (E -Governance )सम्वन्धि विवरण

अर्थ मन्त्रालयको विद्युतीय सुशासन सम्बन्धमा उपकरणको उपलब्धता, जनशक्तिको व्यवस्था, कस्टमाइज एप्लिकेशन सफ्टवेयर विवरण, वेभ–साइटको विवरण, सेवाग्राहीलाई उपलब्ध गराइएको विद्युतीय सेवा, विद्युतीय रुपमा उपलब्ध तथ्यांकको व्यवस्थापन, विद्युतीय सुशासन सम्बन्धमा अनुभूत गरिएका समस्याहरु र तीनका निराकरणका उपाय देहाय बमोजिम रहेका छन् ।

### १. उपकरणको उपलब्धता

| उपकरणको किसिम | संख्या | क्षमता | कैफियत |
|---|---|---|---|
| **डेस्कटप कम्प्युटर** | १३०० | P4 | |
| **ल्याप टप कम्प्युटर** | ११० | P4,core | |
| **प्रिन्टर** | ४१० | laser | |
| **फोटोकपी मेसिन/फ्याक्स** | १०० | | |
| **सर्भर** | ६५ | | |
| **इन्टरनेट** | ५० | Opticle Fiber | |
| **अन्य केहि भए** | | | |

### २. जनशक्तिको उपलब्धता

| जनशक्तिको किसिम | दरवन्दी | आपूर्ति | शैक्षिक योग्यता र तालीम |
|---|---|---|---|
| **सूचना प्रविधि विज्ञ** | १ | १ | |
| **कम्प्युटर निर्देशक** | २ | १ | |
| **कम्प्युटर इन्जिनियर** | ३ | ३ | |
| **कम्प्युटर अधिकृत** | ५० | ५० | |
| **कम्प्युटर अपरेटर** | ४५ | ४५ | |
| **अन्य** | | | |

## ३. कस्टमाईज Application software विवरण

| सि नं | नरम साधनको नाम | उपयोग |
|---|---|---|
| १ | VAT system | करदाताको मू.अ.कर व्यवस्थापन |
| २ | Income Tax | करदाताको आयकर व्यवस्थापन |
| ३ | Personal PAN Registration | व्यक्तिगत करदाताको करदर्ता |
| ४ | Excise Automation System | अन्त:शुल्क व्यवस्थापन |
| ५ | Joint Registration System | व्यवसायिक करदाता दर्ता |
| ६ | e-TDS ( electronic tax deduction at source) | श्रोतमा करकट्टी व्यवस्थापन |
| ७ | RAS (Revenue Accounting system) | कर संकलन व्यवस्थापन |
| ८ | FMIS (Financial Management Information System) | ७५ को.ले.नि.का.को वित्तिय सूचना लाई Integrate गर्ने |
| ९ | DECS (District Expenditure Control System) | ५३ को.ले.नि.को निकासा तथा खर्चको लेखांकन तथा प्रतिवेदन गर्ने |
| १० | TSA (Treasury Single Account) | २२ को.ले.नि.का.मा एकल खाताकोष प्रणाली लागु गर्ने |
| ११ | PMIS (Personal Management Infromation Systems) | लेखा समूहका कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक गर्ने |
| १२ | Pension Management Systems | पेन्सन प्राप्त कर्मचारीको अभिलेख राख्ने र भूक्तानी व्यवस्थापन गर्ने |
| १३ | ASYCUDA | भन्सार कार्यालयमा प्रयोग भएको |
| १४ | INtelsoft | इन्टेलिजेन्स शाखाले प्रयोग गर्ने |
| १५ | Customs Reporting System | भन्सार कार्यालय र विभाग |
| १६ | BMIS | वजेट तर्जुमाको प्रयोजनको लागि अर्थ मन्त्रालयमा |
| १७ | LMBS | क्षेत्रगत सम्वन्धित मन्त्रालयहरुमा |
| १८ | AMIS | वैदेशिक सहायता वाट संचालित आयोजनाहरुको सम्पुर्ण जानकारी |

## ४. वेभ(WEB)को विषयवस्तु

| सि नं | नाम | उपयोग |
|---|---|---|
| **१** | www.mof.gov.np | अर्थ मन्त्रालयका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| २ | www.fcgo.gov.np | महालेखा नियन्त्रकका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| **३** | www.ird.gov.np | आन्तरिक राजस्व विभागका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| ४ | www.dri.gov.np | राजस्व अनुसन्धान विभागका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| **५** | www.customs.gov.np | भन्सार विभागका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| ६ | www.ratc.gov.np | राजस्व प्रसाशन तालिम केन्द्रका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |

## ५. विद्युतीय सेवा (सेवाग्राहीको लागि उपलब्ध)

| सि नं | सेवाको किसिम | उपलब्ध स्थान | हाल सम्म सेवाप्राप्त गर्नेको संख्या | सेवा उपलब्ध गराउन लाग्ने समय | गैरविद्युतीय हुदाँ लाग्ने गरेको समय |
|---|---|---|---|---|---|
| १ | VAT system | घरवाटै गर्न सकिने | ८७,२६१ | २ मिनट | ५ घण्टा |
| २ | Income Tax | घरवाटै गर्न सकिने | २,२६,४५१ | २० मिनट | १० घण्टा |
| ३ | Personal PAN Registration | घरवाटै गर्न सकिने | १,०३५ | २ मिनट | |
| ४ | Excise Automation System | घरवाटै गर्न सकिने | ४,६१,१७७ | ५ मिनट | ५ घण्टा |
| ५ | Joint Registration System | कार्यालय | ५,०६३ | १० मिनट | ५ घण्टा |
| ६ | e-TDS | घरवाटै गर्न सकिने | ३,६७४ | २० मिनट | १० घण्टा |
| ७ | आर्थिक प्रशासनसँग सम्बन्धित ऐन, नियम, प्रतिवेदन, लेखा ढाँचाका किताबहरुको प्रकाशनहरु | www.fcgo.gov.np | ३९८०२ | Net खुलेपछि तत्काल | |
| ८ | ASYCUDA | प्रमुख १० भन्सार कार्यालय | खुल्न नसक्ने | २ मिनेट | ३० मिनेट |
| ९ | मन्त्रालय र विभागको website | इन्टरनेट उपलब्ध भएको स्थानमा | | | |
| १० | मन्त्रालय र विभागको email | इन्टरनेट उपलब्ध भएको स्थानमा | | | |

## ६. विद्युतीय रुपमा उपलब्ध तथ्याङ्कको व्यवस्थापन

| सि नं | तथ्याङ्कको किसिम | परिमाण | समय (देखि.. सम्म) | तथ्याङ्कको सुरक्षा व्यवस्था* |
|---|---|---|---|---|
| १ | Backup गरी राखेको (आन्तरिक राजस्व विभाग) | २०० जिबी | २०५४ सालदेखि संचालनमा रहेको | |
| २ | FMIS सम्बन्धी तथ्याङ्क | | हरेक हप्ता तथ्याङ्क भण्डारण गर्ने गरिएको | म.ले.नि.का. मा रहेको Backup Server तथा अर्थ मन्त्रालयमा रहेको सर्भरमा तथ्याङ्क भण्डारण गर्ने गरिएको |
| ३ | DECS सम्बन्धी तथ्याङ्क | | Web Based को हकमा हरेक घण्टामा र Client Server को हकमा हरेक हप्तामा तथ्याङ्क भण्डारण गर्ने गरिएको | म.ले.नि.का. मा रहेको Backup Server तथा अर्थ मन्त्रालयमा रहेको सर्भरमा तथ्याङ्क भण्डारण गर्ने गरिएको |
| ४ | TSA सम्बन्धी तथ्याङ्क | | हरेक घण्टामा तथ्याङ्क भण्डारण गर्ने गरिएको | म.ले.नि.का. मा रहेको Backup Server तथा अर्थ मन्त्रालयमा रहेको सर्भरमा तथ्याङ्क भण्डारण गर्ने गरिएको |
| ५ | नेपाल सरकारको राजस्व तथा विनियोजन सम्बन्धी केन्द्रीय आर्थिक विवरण | | बार्षिक | म.ले.नि.का. मा रहेको Backup Server तथा अर्थ मन्त्रालयमा रहेको सर्भरमा तथ्याङ्क भण्डारण गर्ने गरिएको |
| ६ | मासिक राजस्व संकलन | ३० दिनको | | NITC मा Host गरिएको |
| ७ | CRS | वर्ष दिनको | आ.व सुरु देखि अन्त सम्मको | विभाग /Password |

## ७. विद्युतीय सुशासन सम्वन्धी केहि समस्याहरु

१. विद्युतीय सुशासनको प्रमुख आधार Connectivity पर्याप्त र भरपर्दो हुन सकेको छैन ।
२. सबै कार्यालयहरुमा Opitcal Fiber connection हुन सकेको छैन ।
३. कर्मचारीहरु पूर्णरुपमा सूचना प्रविधि मैत्री हुन सकेका छैनन् ।
४. विद्युतीय माध्यमबाट प्रेषित कागजातलाई पूर्णरुपमा आधिकारीकता प्रदान गरिएको छैन ।
५. विद्युतीय सुशासन सम्वन्धी राष्ट्रिय नीति अनुसार मन्त्रालय र विभाग स्तरीय छुट्टै नीति र निर्देशिका तयार हुन सकेको छैन ।
६. Digital Signature/ Payment gateway को ब्यवस्था हुन सकेको छैन ।
७. सूचना प्रविधिको क्षेत्रमा काम गर्ने कर्मचारीहरुको छुट्टै जनशक्ति विकास सम्बन्धी नीति र निर्देशिका छैन ।
८. अन्य सहयोगी संस्थाहरुको विद्युतीय सुशासन सम्बन्धी सुधार अपेक्षित रुपमा अगाडि बढन नसकेको हुँदा कार्यान्वयनमा कठिनाई आएकोछ ।
९. को.ले.नि.का.हरुलाई आन्तरिक सञ्जाल (Intranet) मा ल्याउन प्राविधिक तथा आर्थिक दृष्टिकोणबाट कठिन भएकोछ ।
१०. उपयुक्त क्षमता र संख्यामा सूचना प्रविधि सम्बन्धी उपकरणहरु उपलब्ध भएको छैन ।
११. विद्युतीय लोड सेडिङको समस्याले गर्दा सफ्टवेयर सञ्चालनमा वाधा पुग्ने गरेकोछ ।
१२. सम्पूर्ण कर्मचारीहरुमा यथेष्ट रुपमा कम्प्युटर सम्बन्धी ज्ञानको अभाव रहेकोछ ।

## ८. विद्युतीय सुशासन सम्वन्धी सुझावहरु

१. विद्युतीय सुशासन सम्बन्धी राष्ट्रिय नीति अनुसार मन्त्रालय र विभाग स्तरीय छुट्टै नीति र निर्देशिका तयार गर्नुपर्ने ।

२. Digital Signature / Payment gateway को व्यवस्था हुनुपर्ने ।

३. सूचना प्रविधि क्षेत्रमा काम गर्ने कर्मचारीहरुको छुट्टै जनशक्ति विकास सम्बन्धी नीति र निर्देशिका तयार गर्नुपर्ने ।

४. अन्य सहयोगी संस्थाहरुको विद्युतीय सुशासन सम्बन्धी सुधार अगाडि बढाउनु पर्ने ।

५. ७५ जिल्लाका सम्पूर्ण सरकारी कार्यालयहरुमा विद्युतीय सुशासनका लागि Internet तथा Intranet आवश्यक हुने भएकोले उक्त कार्यको लागि सबै सरकारी कार्यालयहरु तथा सेवा प्रदायकहरु बीच समन्वय गरी उक्त सेवा जडान गर्नुपर्ने ।

६. निरन्तर रुपमा विद्युत आपूर्ति हुने व्यवस्था मिलाउनु पर्ने तथा पावर ब्याकअप सिस्टमको व्यवस्था गरिनु पर्ने ।

७. कर्मचारीहरुलाई आवश्यता अनुसार समय-समयमा सूचना प्रविधि सम्बन्धी Basic तथा Advance तालिम प्रदान गर्नु पर्ने ।

८. कोष तथा लेखा नियन्त्रक कार्यालय एवं सरकारी कारोवार गर्ने बैंकसँग Networking गर्ने तथा सूचना Web मा राख्ने जस्ता कार्य गर्नुपर्ने ।